# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०८।०२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

विदेह मिथिला क्षेत्र (सर्लाही, महोत्तरी, धनुषा र सिन्धुली) पर्यटन प्रवर्द्धन समिति, जनकपुरमा नेपाल सरकारबाट नियुक्त भएका समितिका अध्यक्ष दीपेन्द्रकुमार यादवले आर्थिक बर्ष २०६७/०६८ को अर्थ मन्त्रालयबाट प्रकाशित रातो कितावमा उल्लेखित बजेट अनुसार काम नगरी आफू अनुकूलको उपभोक्ता समितिहरू निर्माण गरी निर्माण कार्य नै नगरी नक्कली बिल भौचर बनाइ ठूलो रकम भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धान तहकीकातबाट संकलित मिसिल संलग्न उजुरी निवेदन एवं विश्लेषणबाट उपभोक्ता समितिका अध्यक्ष ओम प्रकाश यादव समेतले साविक बेल्ही गाविस-२ हाल चक्रघट्टा गाउँपालिका-२ स्थित रामजानकी मन्दिरको कम्पाउण्डवाल निर्माण, ब्रम्हस्थान ब्रम्हबाको मन्दिरको कम्पाउण्डवाल निर्माणमा आर्थिक बर्ष २०६७/०६८ मा गरेका कार्यहरुको लागत इस्टिमेट, बिल भरपाइ, प्राविधिक मुल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार कार्य नगरी, लागत अनुमान अनुसार जनश्रमदान कटाई काम नै नगरी पर्यटन कार्यालय जनकपुरबाट बढी भुक्तानी लिइ खाईमासी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसुर गर्ने देहाय बमोजिमका व्यक्तिहरु उपर देहाय बमोजिमको सजायको मागदावी लिइ मिति २०७५।७।३० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

| सि.न. | नाम थर | पद | कार्यालय | बिगो | सजाय मागदावि |
|---|---|---|---|---|---|
| १ | ओमप्रकाश यादव | उपभोक्ता समितिका अध्यक्ष | रामजानकी मन्दिर कम्पाउण्डवाल निर्माण उपभोक्ता समिति | रु.१,३५,२२९।८२ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसुरमा सोही ऐनको दफा ३को उपदफा (१) र दफा ३को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवान र कैद सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदावी |
| २ | अजयकुमार यादव | उपभोक्ता समितिका अध्यक्ष | ब्रम्हस्थान ब्रम्हबाको कम्पाउण्डवाल निर्माण उपभोक्ता समिति | रु.१,३१,३६५।८२ | " |
| ३ | अनिरुद्र मण्डल | ओभरसियर | पर्यटन कार्यालय जनकपुर | रु.२,६६,५९५।६४ | " |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता